# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### समष्टिगत आर्थिक स्थायित्व हासिल गर्दै वित्तीय पहुँच अभिवृद्धि, रोजगारी सिर्जना र आर्थिक विकासमा सहयोग गर्न बैंक प्रतिबद्ध

(नेपाल राष्ट्र बैंक स्थापनाको ५९ औं वर्षमा प्रवेश)

मुलुकको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंक विभिन्न आरोह अवरोह पार गर्दै ५८ औँ वर्ष पूरा गरी ५९ औँ वर्षमा प्रवेश गरेको छ । यस उपलक्ष्यमा नेपाल राष्ट्र बैंकले वैशाख १४ गते एक विशेष कार्यक्रम आयोजना गऱ्यो ।



वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै गभर्नर खतिवडाले बैंकले पछिल्लो एक वर्षको अवधिमा सम्पन्न गरेका कामकारवाहीको समीक्षा सहित बैंकले अवलम्बन गरेका नीतिगत, प्रक्रियागत तथा व्यवस्थापकीय पक्षहरूमा प्रकाश पार्नु भएको थियो । उहाँले मुलुकमा उच्च आर्थिक वृद्धिका लागि समष्टिगत आर्थिक स्थायित्व र समन्यायिक विकासका लागि वित्तीय सेवाको विस्तारको स्पष्ट दिशामा केन्द्रीय बैंक अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै बैंकको यो उद्देश्य हासिल गर्न सरोकारवाला सबै पक्षको सहयोग सदाझैं प्राप्त भइरहने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले नेपाल राष्ट्र बैंक समष्टिगत आर्थिक स्थायित्वका साथै आर्थिक वृद्धि, वित्तीय पहुँच अभिवृद्धि, लगानी अभिवृद्धि, रोजगारी सिर्जनाका साथै आर्थिक विकासमा ध्यान दिनुपर्ने आवश्यकता माथि प्रकाश पार्नुभयो । बैंक पारदर्शी वित्तीय प्रणाली स्थापनाका लागि लागि परेको चर्चा गर्दै उहाँले यसैको मूर्त रूप व्याजदर अन्तरको नीति आएको चर्चा गर्दै यसको कार्यान्वयनमा बैंक दृढ रहेको समेत स्पष्ट पार्नुभयो । (वक्तव्यको पाठ www.nrb.org.np मा उपलब्ध छ) ।




समारोहमा उपस्थित महानुभावहरूलाई स्वागत गर्दै डेपुटी गभर्नर गोपालप्रसाद काफ्लेले विगत ५८ वर्षमा बैंकले विभिन्न आरोह अवरोह पार गर्दै आएको चर्चा गर्दै वित्तीय क्षेत्रको सुदृढीकरण, ग्रामीण क्षेत्रका विपन्न वर्ग एवम् समुदायमा वित्तीय सेवाको पहुँच पुऱ्याउने मूल लक्ष्यका साथ बैंक अघि बढिरहेको बताउनुभएको थियो । पछिल्ला दिनहरूमा नेपाल राष्ट्र बैंकले कार्यरत कर्मचारीलाई बौद्धिक तथा भौतिक रूपमा सम्पन्न बनाउँदै लगेको चर्चा गर्दै

अब बैंकलाई दिने कर्मचारीको पालो आएको धारणा व्यक्त गर्नुभयो ।

उपस्थित विशिष्ट व्यक्तित्वहरूप्रति धन्यवाद ज्ञापन गर्दै डेपुटी गभर्नर महाप्रसाद अधिकारीले सबै पक्षको सहयोगबाट वित्तीय क्षेत्र स्थायित्वको दिशा स्पष्ट हुँदै गएको स्पष्ट पानुभएको थियो ।

पूर्व गर्भनरहरूका तर्फबाट विजयनाथ भट्टराईले समसामयिक आर्थिक, वित्तीय तथा मौद्रिक विषयवस्तुमाथि प्रकाश पार्दै बैंकले सूचना प्रविधिको विकाससँगै नयाँनयाँ जोखिम अभिवृद्धि भइरहेको हुँदा बैंक सधैं चनाखो भएर रहनुपर्ने, कानुनी संरक्षण स्थापित गरी सुपरिवेक्षकहरूलाई निर्धक्कसँग काम गर्ने वातावरण बनाउनुपर्ने, तरलता व्यवस्थापनको लागि दीर्घकालीन उपकरण जारी गरी आर्थिक विकासमा टेवा दिनुपर्ने, समावेशी वित्तीय सेवा सम्बन्धी नीति निर्माण गर्नुपर्ने, मर्जर पछि त्यसको प्रभावकारिता अनुगमन गर्नुपर्ने लगायतका सुझाव दिनुभएको थियो ।

कार्यक्रममा बैंकको ५९ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित आर्थिक तथा साहित्यिक रचना प्रतियोगिता, मैत्रीपूर्ण फुटवल, व्याडमिन्टन प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, चित्रकला प्रतियोगिताका विजयीहरूलाई गभर्नर डा. खतिवडा र डेपुटी गभर्नर द्वय श्री काफ्ले र अधिकारीले संयुक्त रूपमा नगद पुरस्कार, पदक तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका अध्यक्ष डा. रेवतबहादुर कार्की, नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष वसन्तराज पाण्डे, नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंकका अध्यक्ष पदमराज रेग्मी,



नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल राष्ट्र बैंकका अध्यक्ष जगदीशप्रसाद ओझा र नेपाल राष्ट्रिय कर्मचारी हित संगठनका अध्यक्ष तेजप्रसाद शर्माले संस्थागत विकास, पारदर्शिता तथा कर्मचारी हक हितका लागि प्रतिबद्धता व्यक्त गर्दै शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा पूर्व गभर्नर, बैंक सञ्चालक समिति सदस्यहरू, पूर्व डेपुटी गभर्नर, बैंकका वर्तमान तथा पूर्व कार्यकारी निर्देशक, निर्देशक, नेपाल सरकारका अधिकारीहरू, अन्य नियमक निकायका प्रमुखहरू लगायत बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।